आज मिति २०७८ आषाढ १० गते प्रमुख जिल्ला अधिकारी श्री मनमाँया भट्टराई पंगेनीको अध्यक्षता र देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को वैठक बसी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति**

प्र.जि.अ. श्री मनमाँया भट्टराई पंगेनी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख श्री चेसराम आले,जिल्ला समन्वय समिति, नवलपरासी (व.सु.पू.)

स.प्र.जि.अ. श्री मोहन बहादुर थापा, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्र.उ. श्री प्रकाश मल्ल , जिल्ला प्रहरी कार्यालय, नवलपरासी (व.सु.पू.)

उप.अनु.नि.श्री रमेश चन्द्र यादव, राष्ट्रिय अनुसन्धान जि.का.न.प.(व.सु.पू.)

सेनानी श्री मदन कुमार भण्डारी, श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण,नवलपरासी (व.सु.पू)

स.प्र.ना.उ. श्री विर भद्र नाथ, स.प्र.वल नेपाल नं. ३१ गुल्म न.प. (ब.सु.पू.)

कार्यालय प्रमुख श्री केशव प्रसाद चापागाई, स्वास्थ्य कार्यालय, न.प. (ब.सु.पू.)

मे.सु. डा. वीर बहादुर थापा, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

प्र.अ. श्री आनन्द शर्मा भुसाल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

शा.अ. श्री भागिरथ रेग्मी ,जिल्ला समन्वय समिति, नवलपरासी (व.सु.पू.)

प्रतिनिधि श्री भिमलाल कंडेल नेकपा एमाले , नवलपरासी (व.सु.पू.)

प्रतिनिधि श्री लोकनाथ लामिछाने,नवलपरासी (व.सु.पू.) रा प्र पा -

अध्यक्ष श्री डासुराज पोख्रेल, नवलपुर उद्योग बाणिज्य संघ

अध्यक्ष श्री अमृत भट्टचन,गैडाकोट उद्योग बाणिज्य संघ

उप सभापति श्री ज्योति भुसाल, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा न.प.(व.सु.पू.)

क.अ. श्री दशरथ सुवेदी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

**निर्णय नं. १ :**

विश्वव्यापी रुपमा फैलिएको नया भेरियन्ट सहितको कोभिड-१९ यस जिल्लामा समेत न्युन भैनसकेको हुँदा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२१ गते मंगलवार रातको १२:०० बजे देखि शुरु भई मिति २०७८।०३।११ गते शुक्रबार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी भएकोमा संक्रमणको जोखिम न्यून भई नसकेकोले सो निषेधाज्ञालाई निरन्तरता दिदै मिति २०७८।०३।११ गते शुक्रबार रातको १२:०० बजे देखि मिति २०७८।०३।१८ गते शुक्रबार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी गर्न अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को मिति २०७८।०३।०६ गतेको बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। जिल्लामा मिति २०७८ बैशाखको सुरुदेखि हालसम्म कोभिड-१९ का जम्मा संक्रमित ४४३५ जना, निको हुने ३९४६ जना, मृत्यु हुने ७८ जना र हाल सक्रिय संक्रमितको संख्या ३७१ जना मध्ये अस्पतालमा हाल उपचाररत १९ जना रहेको। कुल संक्रमितको ८.३६% हाल सक्रिय संक्रमित रहेको, १.७% मृत्यु भएका, ९०% निको भएका। सक्रिय संक्रमित मध्ये ५.१% अस्पतालमा उपचाररत रहेका र ९४.९% होम आइसोलेसनमा सामान्य अवस्थामा रहेका। जिल्लामा कोरोनाको संक्रमण दर घट्दो क्रममा रहेको भएतापनि संक्रमणको जोखिम यथावत रहेको महसुस गरियो।

**निर्णय नं. ३:**

कोभिड-१९ को विद्यमान अवस्थालाई मध्यनजर गरी आर्थिक गतिविधीलाई चलायमान गराउने तर्फ अवस्था बिश्लेषण गर्दै आर्थिक क्रियाकलाप अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ४:**

स्थानीय स्तरमा रहेका बजार व्यवस्थापन समितिले आ-आफ्नो क्षेत्रमा स्वास्थ्य सुरक्षाको मापदण्ड परिपालनका सम्बन्धमा सामाजिक परिचालन गर्ने र यसमा सवै सरोकारवालाबाट सहयोग र समन्वय गर्ने।

**निर्णय नं. ५:**

स्वास्थ्य कार्यालय तथा जिल्ला अस्पतालबाट सञ्चालनहुने स्वास्थ्य सेवाका हालको अवस्थामा अति आवश्यक तालिम ( खोप,नसर्ने रोग ,क्षयरोग,कुष्ठरोग,महिला स्वास्थ्य स्वयमसेविका आदि ) स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी संञ्चालन गर्ने।

२०७८।०३।१०